# ज्योति विकास बैंक लिमिटेडको
## पन्ध्रौं वार्षिक साधारणसभामा भएका कामकारबाहीको विवरण (माइन्युट)

ज्योति विकास बैंक लिमिटेडको मिति २०७९ साल माघ १९ गते बिहीबार बसेको सञ्चालक समितिको ४४३ औं बैठकको निर्णयअनुसार मिति २०७९ साल माघ २० र २९ गते सार्वजनिक सूचना प्रकाशित गरी मिति २०७९ फागुन १४ गते बोलाइएको पन्ध्रौं वार्षिक साधारणसभामा प्रस्ताव गरिएका विषयहरूमाथि छलफल तथा निर्णय गर्न भिडियो कन्फरेन्स (Virtual Zoom Meeting) समेतबाट शेयरधनीले सहभागिता जनाउन सक्ने गरी कम्पनी ऐन, २०६३ तथा विकास बैंकको प्रबन्धपत्र र नियमावलीबमोजिम बैंकका अध्यक्ष श्री हरि चन्द्र खड्काको अध्यक्षतामा सम्पन्न पन्ध्रौं वार्षिक साधारणसभाका कामकारबाहीका विवरण एवम् निर्णय पुस्तिका (माइन्युट) देहायबमोजिम रहेको छ ।

१. **सभाको मिति, स्थान र समय :**

मिति : २०७९ साल फागुन १४ गते आइतबार (तद्नुसार २६ फेब्रुअरी, २०२३)

समय : बिहान ११:०० बजे ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब भद्रकाली, काठमाडौं ।

२. **उपस्थिति :**

**(क) सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री हरि चन्द्र खड्का | - अध्यक्ष |
| २) श्री सन्तोष अधिकारी | - सञ्चालक |
| ३) श्री ध्रुव कोइराला | - सञ्चालक |
| ४) श्री मन महर्जन | - सञ्चालक |
| ५) श्री नरेश राज आचार्य | - सञ्चालक |
| ६) श्री सुरेन्द्र बहादुर नेपाली | - सञ्चालक |

**(ख) व्यवस्थापनका पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री श्रीचन्द्र भट्ट | प्रमुख कार्यकारी अधिकृत |
| २) श्री कपिल ढकाल | वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ३) श्री पारस राज कंडेल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ४) श्री प्रकाश बराल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ५) श्री सुशील कुमार शर्मा | नायब महाप्रबन्धक |
| ६) श्री रामहरि आचार्य | सहायक महाप्रबन्धक |
| ७) श्री बलदेव थापा | प्रमुख बजारीकरण अधिकृत/कम्पनी सचिव |
| ८) श्री उमा श्रेष्ठ | प्रमुख वित्त अधिकृत |

**(ग) अन्य आमन्त्रित उपस्थिति :**

| | |
|---|---|
| १) श्री मनोज खनाल | प्रतिनिधि, टी.आर.उपाध्या एण्ड कम्पनी, लेखापरीक्षक |
| २) श्री शेखर बाबु कार्की | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |

**(घ) शेयरधनीहरूको उपस्थिति :**

१) उपस्थित शेयरधनीहरूको सङ्ख्या

| | |
|---|---|
| (क) स्वयम् उपस्थित | ४५७ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित | ९२५ जना |
| (ग) भिडियो कन्फरेन्समार्फत उपस्थित | २३ जना |



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

**छलफलका विषय :**

**(क) सामान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदनसहित ज्योति विकास बैंक लि. को २०७९ आसार मसान्तको वासलात तथा आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने ।

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि. को आ.व. २०७८/७९ को वित्तीय विवरणसहित बैंकको एकीकृत वित्तीय विवरण ( Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

(४) लेखापरीक्षण समितिको सिफारिसबमोजिम आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम कर प्रयोजनका लागि समेत गरी हाल कायम चुक्ता पूँजीको ३.८० प्रतिशत नगद लाभांश जम्मा रु. १६,२१,७४,६२५।- (अक्षरेपि सोह्र करोड एक्काइस लाख चौहत्तर हजार छ सय पच्चीस) मात्र वितरण गर्नेसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम हाल कायम चुक्ता पूँजीको ३ प्रतिशतले हुन आउने जम्मा रु. १२,८०,३२,५९९।- (अक्षरेपि बाह्र करोड असी लाख बत्तीस हजार पाँच सय उनान्सय) मात्र रकम बराबरको बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्नेसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । बोनस शेयर जारीपश्चात् कायम हुन आउने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

(२) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानुनबमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(३) उपरोक्त विषयका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**सूचना प्रकाशनः**

मिति २०७९ साल माघ १९ गते बिहीबार बसेको सञ्चालक समितिको ४४३ औ बैठकको निर्णय तथा कम्पनी ऐनमा भएको व्यवस्थाबमोजिम यस ज्योति विकास बैंक लिमिटेडको पन्ध्रौं वार्षिक साधारणसभा मिति २०७९ साल फागुन १४ गते आइतबार (तद्नुसार २६, फेब्रुअरी, २०२३) त्रिभुवन आर्मी अफिसर्स क्लब भद्रकाली, काठमाडौंमा विहान ११.०० बजेबाट सञ्चालन गर्ने सूचना मिति २०७९ माघ २० गते र मिति २०७९ माघ २९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी, यस विकास बैंकको वेबसाइट www.jbbl.com.np मा समेत राखी शेयरधनी महानुभावहरूलाई सार्वजनिक रूपले सूचित गरिएको साथै यस

साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूलाई उपलब्ध हुने व्यवस्था मिलाइएको थियो ।

३. **गणपूरक सङ्ख्या :**

| कुल शेयरधनीको सङ्ख्या | जम्मा उपस्थित सङ्ख्या (स्वयम्, प्रतिनिधिद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (सङ्ख्यामा) | बाँडफाड भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| १,३६,४७९ (क-ख समूह) (भौतिक तथा अभौतिक) | जम्मा १,४०५ जना (स्वयम् उपस्थित ४५७ जना, प्रतिनिधिपत्र द्वारा ९२५ जना र भर्चुअल माध्यम मार्फत २३ जना ) | २,३४,३७,५९५.३२ | ५४.९१ % |
| जम्मा शेयर सङ्ख्या | ४,२६,७७,५३२.८७ | | |

४. **सभाको वैधानिकता तथा अध्यक्षताः**

कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम, २३ बमोजिम शेयरधनीहरूको उपस्थिति र गणपुरक सङ्ख्या पर्याप्त रहेको व्यहोरा जानकारी गराई साधारणसभा सञ्चालनका लागि आवश्यक वैधानिकता पुरा भएकाले सभाको अध्यक्षता ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री हरि चन्द्र खड्कालाई अनुरोध गर्नुभयो र अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिवले विकास बैंकको वर्तमान सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत लगायतका पदाधिकारीहरू तथा नियमन निकायका प्रतिनिधिहरूलाई आसन ग्रहण गराउनुभयो ।

५. **प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टबाट स्वागत मन्तव्य :**

प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले बैंकको पन्ध्रौं वार्षिक साधारणसभामा भौतिकरूपमा तथा भर्चुअल माध्यमबाट सहभागी हुनुभएका सम्पूर्ण शेयरधनी महानुभाव तथा आमन्त्रित अथिति महानुभावलाई बैंकको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नुभयो । बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको प्रमुख कार्यकारीको मन्तव्य व्यक्त गर्नुभयो ।

६. **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति :**

कम्पनी सचिवले सभाको शुरुवात गर्न सभाका सभाध्यक्षलाई अनुरोध गर्नुभयो । सभाध्यक्षले सर्वप्रथम सम्पूर्ण शेयरधनी महानुभावलाई ज्योति विकास बैंक लि. को पन्ध्रौं वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष आफ्नो मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सभासमक्ष सञ्चालक समितिको प्रतिवेदनमाथि छलफलमा भाग लिन तथा यस विकास बैंकको कारोबारसम्बन्धी विविध पक्षहरूमा आफ्नो विचार मन्तव्य तथा जिज्ञासाहरू व्यक्त गर्न शेयरधनी महानुभावलाई अनुरोध गरियो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभाव :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरूले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरू व्यक्त गर्नुभयो ।

**श्री ब्रह्मदेव शाक्य**

- गत वर्ष ICAN ले प्रदान गर्ने BPA को दोस्रो स्थान पाउन सफल भएकोमा बधाइ तथा यस वर्ष विजेता बन्न शुभकामना ।
- सञ्चालक समितिका सदस्य तथा व्यवस्थापन समूहमा योग्य पदाधिकारी रहेको देखिन्छ ।



JYOTI BIKASH BANK LTD.
KAMALPOKHARI, KATHMANDU

- पूर्व अध्यक्षको समय नसकिँदै भएको राजीनामा र उहाँको अपूरो कार्यकालले केही प्रश्न उब्जाएको छ ।
- व्यवस्थापनबाट विशुद्ध बैंकिङ्ग, व्यापार व्यवसायको कुसल व्यवस्थापन भएको देखिन्छ ।
- रेमिटेन्स, उद्यमशीलता तथा कृषिमा उदाएको एक ज्योतिको प्रतिनिधि पात्रको रूपमा दुई व्यक्तिको सफलताको विवरण प्रतिवेदनमा राखेको सराहनीय छ ।
- प्रमुख कार्यकारी अधिकृतको मन्तव्यमा नीति, विधि र व्यवस्थामा मनग्य ध्यान दिइएको पाइयो ।
- प्रविधिको प्रयोग गरी हुने डिजिटलाइजेसन सेवा र सो को दुरूपयोगबाट हुनसक्ने साइबर क्राइमतर्फ सचेत रहनुहोस् ।
- विशेष प्रस्तावमा रहेको मर्जर प्रस्ताव के अहिले फेरी साँच्चै आवश्यक भएको हो ? खुलस्त पारिदिनु भए राम्रो हुन्थ्यो ।

**<u>श्री सुदिप श्रेष्ठ</u>**

- ३.८० प्रतिशत दिने भनिएको नगद लाभांशलाई कर प्रयोजनको कति रकम छुट्याइएको प्रष्ट भएन ।
- नियमन निकायको पुँजी वृद्धि गर्ने निर्देशन अनुरूप उपयुक्त वित्तिय संस्थासँग मर्जर वा प्राप्ति गर्दा राम्रो देख्छु ।
- निष्क्रिय कर्जा बढेको देखियो, प्रति शेयर आम्दानी घटिरहेकोमा ध्यान पुऱ्याउनु होला ।
- बैंकले डिजिटल बैंकिङ्गमा सुधार गर्दै गएको देखिन्छ ।
- समग्रमा प्रतिवेदन राम्रो छ तर संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत धेरै पाना खर्चिएको देखिन्छ जुन अलिक बढी भयो कि ?
- शाखा वृद्धि हुन जरुरी छ तर नाफामा चलोस् भन्ने चाहन्छु ।

**<u>श्री चन्द्र नारायण श्रेष्ठ</u>**

- प्रविधिको प्रयोग गरी साधारणसभामा आफ्नो मन्तव्य राख्न पाउँदा खुशी छु ।
- ३.८० प्रतिशत नगद लाभांश तथा ३ प्रतिशत बोनस शेयर गरी ६.८० प्रतिशत लाभांश प्रस्ताव गर्नुभएकोमा धन्यवाद जुन आगामी वर्षमा बढेको देख्न चाहन्छु ।
- आय बढेको देखिन्छ तर खर्च पनि झनै बढेको देखिन्छ जसले गर्दा खुद नाफा घटिरहेको, लाभांश पनि घटिरहेको देखिन्छ । अलि बढी ध्यान दिनुहोला ।
- प्रतिवेदनमा शेयर धनीको बढिरहेको लगानीको चित्र तथा विवरण राख्नुभएको भए लगानी प्रवृत्ति बुझिने थियो ।
- शेयरधनीले गरेको लगानी cost value भन्दा fair value घटिरहेको हुनाले लगानीको सुनिश्चितता गर्नुहोस् । नाफा वृद्धि गर्नुहोस्, प्रतिफल बढाउनुहोस् भन्न चाहन्छु ।

**<u>श्री डमरु बल्लभ घिमिरे</u>**

- बैंकले १५ वर्षको यात्रा गरिरहदा परिपक्व हुँदै गएको देखिन्छ ।
- प्रतिवेदन हेर्दा राम्रो, आकर्षक, विवरण नियामक निकायको निर्देशनअनुरूप समाहित देखिन्छ तर अनावश्यक रूपमा राखिएका चित्र, पाना हटाई प्रतिवेदन धेरै मोटो नबनाई खर्च बचाउन पनि उत्तिकै ध्यान दिनु पर्ने देख्छु ।
- बैंकको सञ्चालक समिति पनि सर्वसाधारण र संस्थापक समूहको सही मिश्रण भएको सानो तथा नियमानुसार गठन भएको राम्रो समिति देखिन्छ ।
- ६.८० प्रतिशत लाभांश प्रस्ताव गर्नुभएकोमा धन्यवाद ।



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

- बैंकले आफ्नै जग्गामा केन्द्रीय कार्यालय बनाएको देख्न चाहन्छु ।
- नियमानुसार साधारणसभा पुस मसान्तभित्रै गर्नुहोस् ।

**श्री शिव प्रसाद पौडेल**

- परिवर्तनको ज्योतिको नाराजस्तै ज्योति झैं चम्किरहनोस् भन्ने शुभकामना छ ।
- साधारणसभा तोकिएको समयमै शुरु भएको छ । यसरी नै सँधै समयमा चल्नुहोस् भन्ने चाहन्छु ।
- ६.८० प्रतिशत लाभांश प्रस्ताव गर्नुभएकोमा धन्यवाद ।
- अध्यक्षज्यूको मन्तव्य पनि छिटो, छरितो र स्पष्ट लाग्यो ।
- नगद लाभांश सकिन्छ भने आजै नभए सकेसम्म चाँडै आओस् । त्यसैगरी बोनस शेयर पनि नयाँ सूचीकृत गराएर चाँडै नै आउने व्यवस्था गर्नुहोस् ।
- बैंकले अपनाउनुभएको सूचना सञ्चार राम्रो छ । यसमा अझै नयाँ प्रविधि भित्र्याई राम्रो गर्दै लग्नुहोस् ।
- समयमानै साधारणसभा सम्पन्न गर्नुहोस् । जरिवाना तिर्नु हुँदैन । संस्थागत सुशासन कायम राख्नुहोस् ।
- वर्षिक प्रतिवेदन साधारणसभामा बोल्नुहुने सबै वक्तालाई पहिल्यै उपलब्ध गराउनु होला ।
- सभा हल निकै ठूलो भयो । हलको क्षमता भन्दा निकै कम मात्र उपस्थिति देखिन्छ । त्यसैले सानो हलमा आयोजना गर्नुभएमा खर्च पनि जोगाउन सकिन्छ ।
- अहिले घर-जग्गाको भाउ घटेको अवस्थामा जग्गा लिई आफ्नै जग्गामा कर्पोरेट भवन बनाउनुहोस् भन्ने चाहन्छु ।

**श्री उद्धब प्रसाद घिमिरे**

- लाभांश नीतिमा विचार गर्नुहोस् । लाभांश प्रतिशत बढाउदै जानुहोस् ।
- अहिले बैंक कुनै उपयुक्त बैंकसँग गाभिएर जानु ठिक हुन्छ । यस बारेमा छलफल, नेगोसिएसन गर्नुहोस् ।
- Office Operating Expenses बढिरहेको देखिन्छ । वासलातमा सम्पति तथा दायित्वको आकार पनि बढाउदै लानुहोस् । स्थिर सम्पतिको पनि समय सामयिक मुल्याङ्कन गर्नुहोस् ।
- बैंकको आफ्नै कर्पोरेट भवन होस् । यसले गर्दा बैंकको ख्याति बढ्छ र बैंकप्रति जनताको आस्था पनि बढ्दै जान्छ ।
- साधारणसभा समयमानै गर्नुहोस् । बैंकले जरिवाना तिरेको बारेमा राम्रो सन्देश जाँदैन ।
- प्रतिवेदन वेलैमा पठाउनुहोस् ता कि पहिल्यै अध्ययन गरेर आउन मिलोस् ।
- P/E Ratio, ब्याज आम्दानी, ब्याज खर्च सबै सन्तुलित होस् । आधार दर र सबै वित्तीय परिसूचक राम्रो बनाउदै जानुहोस् ।

**श्री हरि प्रसाद**

- मैलै ज्योति विकास बैंकको सञ्चालक समितिको अध्यक्षबाट विधिसम्मत तरिकाले राजीनामा दिएको हुँ ।
- बैंक केन्द्रीय रूपमा स्वस्थ एवं सबल हुनुपर्दछ । धेरै लाभांश वितरणमा ध्यान दिने भन्दा पनि सँधै नीति, विधि र व्यवस्थामा चलेको हुनुपर्दछ ।
- प्रतिवेदनको चित्रमा हाम्रो ध्येय गत वर्ष र यस वर्ष फरक देखिन्छ । बैंकको ध्येय त सधैं एउटै हुनुपर्ने होइन र ? हाम्रो ध्येय कताबाट कता गइरहेको हो प्रष्ट भएन ।



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

- बैंकमा हालै नियुक्ति हुनुभएका व्यवस्थापनका उच्च कर्मचारीको नियुक्ति के बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम भएको हो ?
- हाम्रो विकास प्रवर्द्धन कोष अन्तर्गत भएका CSR का कुन कुन कार्यक्रममा कुन कुन योजनामा कति कति लगानी भएको हो पारदर्शिता देखिएन ।

**श्री लभराज जोशी**

- शेयरधनीलाई प्रतिफल कम भयो । प्रतिफल बढाउने काम गर्नुहोस् । Net worth बढाउदै लानुहोस् ।
- समयमानै साधारणसभा गर्नुहोस् । जरिवाना तिर्ने अवस्था आउन दिनु हुँदैन ।
- प्रतिवेदन ठूलो भयो । ठूलो प्रतिवेदनको लागि खर्च पनि बढी नै लाग्ने हुन्छ ।
- राम्रोसँग हेरेर कर्जा लगानी गर्नुहोस् । असुली पनि समयमै गर्नुहोस् ।
- कुन कुन शाखा नाफामा सञ्चालित छन् र कुन कुन शाखा घाटामा छन् बुझ्न चाहन्छु । ती शाखाको सङ्ख्या के कति छ विवरण दिनु हुन्छ कि ?
- बैंकमा पनि छोटो, मध्यम र लामो अवधिको निम्ति छुट्टाछुट्टै नीति निर्धारण गरी लागु गरी लैजानु पर्छ ।
- बैंकले बेला बेलामा शेयरधनीसँग अन्तक्रिया कार्यक्रम गरी उनीहरूको समस्या, बजारको स्थिति पनि बुझ्नु पर्छ ।
- आगामी वर्षमा दुई अङ्कको दरले प्रतिफल दिन सक्षम हुनुहोस् भन्ने चाहन्छु ।

**शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरू एवं सभाध्यक्ष स्वयम् र सभाध्यक्षको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफ :**

**प्रमुख कार्यकारी अधिकृत**

- प्रतिफल कम दिनु व्यवस्थापनको चाहाना थिएन ।
- प्रतिवेदनमा गत वर्षभन्दा कम लगानी भएको उल्लेख गर्न चाहन्छु । राम्रो प्रतिवेदन तयार गरेमा संस्थाले प्रदान गर्ने Award को कारणले गर्दा पनि प्रतिवेदनमा अलि बढी विवरण समेटी disclosures को काम भएको हो ।
- हाम्रो विकास प्रवर्द्धन कोष अन्तर्गत भएका CSR अथवा कुनै पनि CSR को योजनामा/कार्यक्रममा प्रक्रिया मिच्ने काम भएको छैन ।
- ज्योति विकास बैंकले कहिल्यै पनि प्रक्रिया मिच्ने काम गरेको छैन र गर्दैन पनि । कर्मचारी नियुक्ति गर्दा पनि (जुन तहका भए पनि) प्रक्रिया मिच्ने काम भएको छैन ।

**अध्यक्ष श्री हरि चन्द्र खड्का**

- हामीले बैंकको पूँजी वृद्धि गर्न विगतमा Right Share निष्कासन गर्यौं । विभिन्न विकास बैंकलाई गाभेर मिलाई लिड बैंक भई अगाडि बढ्यौं । अहिले पनि हामी आफैं कुनै वित्तिय संस्थामा गाभिएर जाने कि अरु संस्थालाई गाभेर लिने भन्ने विकल्पमा दोस्रो विकल्प रोज्न चाहन्छौं ।
- यसरी प्राप्त गरिएका बैंकबाट मात्रै बीस बाइसवटा शाखा आएका हुन् । शाखा सञ्जाल धेरै हुँदैमा हामी नोक्सानमा हुँदैनौं । BEP मा ल्याउन केही समय लाग्छ । गत वर्ष हामीले २ वटा विस्तारित काउन्टर र १३ वटा शाखा सञ्चालनमा ल्याएका थियौं ।
- हामीले प्रस्ताव गरेको लाभांश प्रतिफल दर राम्रो त होइन तर देशले भोगेको अर्थतन्त्रको कठिन अवस्था, बाहिरी कारण पनि होलान् तर त्यसमा हाम्रो आफ्नै कमी कमजोरी पनि छन् जसलाई हामी आफैं सुधारेर अघि बढ्न सक्षम छौं ।

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

- हामीले हाम्रो व्यवस्थापन समूह बलियो बनाउन दुईजना सदस्य भर्खरै भित्र्याएका छौं ।
- आगामी दिनमा प्रतिफल सुधार्छौं । ब्याज प्राप्त नहुँदा पनि नाफा बाँड्ने, कर तिर्नु पर्ने कारणले गर्दा पनि कम प्रतिफल भएको हुन सक्छ । उनान्तीस करोड भन्दा बढी रकम राज्यलाई कर तिरिएको छ ।
- जोखिम लिए बापत premium चाहिन्छ भन्नु शेयरधनीको जायज माग हो ।
- नियमनकारी निकाय निर्देशन तथा स्थापित मापदण्ड जस्तै NFRS अन्तर्गत प्रतिवेदनमा अलि बढी काम भएको छ । गत वर्ष ICAN जस्तो संस्थाले rating गर्ने BPA award मा हामी दोस्रो भएका थियौं, अब प्रथम हुन सकिन्छ कि भनेर प्रतिवेदन विस्तृत तथा मोटो भयो तर खर्च गत वर्षभन्दा कम गरिएको छ । प्रति प्रतिवेदन लगभग रु. ३००।-मात्रै खर्च भएको जानकारी गराउन चाहें ।
- हामीले गत वर्ष दुई पटक बैंकको केन्द्रीय कार्यालय बनाउनको लागि घर जग्गा खरिद गर्ने प्रक्रिया थालनी गरेका थियौं जुन सफल हुन सकेन । फेरि पनि हामीले बैंकको लागि उपयुक्त घर जग्गा खरिद गर्न प्रक्रिया थाल्ने छौं र सञ्चालक समिति फेरी त्यसको लागि प्रयासरत रहनेछ ।
- तोकिएको समयभित्रै साधारणसभा हुनु पर्दछ । हामीले बैंकको वासलात नेपाल राष्ट्र बैंकमा पुस मसान्तभित्रै बुझाएका थियौं तर साधारणसभा गर्न मात्रै ढिलो हुन गएको हो । आगामी दिनमा हामी त्यसलाई सच्चाउने प्रयास गर्छौं । पुस मसान्तभित्रै साधारणसभा गर्ने प्रयत्न गर्नेछौं । ढिलो भएको कारणले हामीले रु.५,०००।- जरीवाना कम्पनी रजिष्ट्रार कार्यालयमा बुझाएको कुरा जानकारी गराउँदछु ।
- प्रस्तावित नगद लाभांश तुरुन्तै खातामा पठाउने व्यवस्था गरिएको छ । जसको डी.पी. एकाउन्ट अद्यावधिक छ उहाँहरूको खातामा चाँडै जम्मा हुन्छ भने अन्यको हकमा पनि यथाशीघ्र प्रक्रिया मिलाई खातामा जाने व्यवस्था गरिनेछ ।
- नीति, विधि र व्यवस्थामा हामी स्पष्ट भएर अगाडि जान सक्यौं भने मात्र हामी अगाडि बढ्न सक्छौं । हामीले फरक पृष्ठभूमिबाट आएका चारवटा संस्थालाई एक भएर लाँदा केही समस्या केही चुनौति देखिएका होलान् जसलाई हामी आगामी दिनमा सम्बोधन गर्न सक्छौं भन्ने आत्मविश्वास छ ।
- हामी हाम्रो गत वर्ष र यस वर्ष प्रकाशित दूर दृष्टि, ध्येयलाई राम्ररी समीक्षा गर्छौं । यदि त्यसमा कमजोरी भएको रहेछ भने सच्चाउनेछौं ।
- CSR मा आफ्नो नाफाको कर तिरिसकेपछिको रकमको कम्तीमा १ प्रतिशत रकम खर्च गर्नु पर्छ भन्ने परिपत्र छ तर यस बैंकको यदि प्रति शेयर आम्दानी १५ प्रतिशत भन्दा माथि हुन्छ भने १ प्रतिशत होइन १.५ प्रतिशत खर्च गर्नु पर्छ भन्ने विधि लागू भएको छ ।
- CSR Guideline (हाम्रो विकास प्रवद्धन कोष) समेतको विधिअनुसार प्रस्ताव CSR Committee बाट स्वीकृत गरे पछि मात्रै CSR अन्तर्गत खर्च गर्न योग्य हुन्छ ।
- हाम्रो प्रस्तावित प्रतिफल उत्साहजनक पनि होइन र competitive पनि होइन । हामी बजारभन्दा तल नै छौं । अब हामी हाम्रो प्रतिफल बैंकिङ्ग उद्योगको औसतमा प्रदान गर्न सक्छौं भन्ने विश्वास छ ।
- यहाँहरूले दिनुभएको महत्वपूर्ण सल्लाह सुझाव बमोजिम अगाडि बढ्नेछौं । कार्यान्वयनको लागि प्रतिबद्धता व्यक्त गर्दछु ।

८. **प्रस्तावमाथि छलफल तथा निर्णयहरू :**

क) **समान्य प्रस्ताव** :

(१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय : **सभाका अध्यक्षले सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष प्रस्तुत गर्नु भएको प्रतिवेदनमाथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०७९ असार मसान्तको वासलात तथा आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने ।

निर्णय : **लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।**

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि. को आ.व. २०७८/७९ को वित्तीय विवरणसहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

निर्णय : **लेखापरीक्षकको प्रतिवेदनसहितको यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि. को आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरणसहितको बैंकको एकीकृत वित्तीय विवरण ( Consolidated Financial Statement) लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।**

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

निर्णय : **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षण गर्न लेखापरीक्षक P.J.P.N & Co. लाई नियुक्त गर्ने र निजको पारिश्रमिक मु.अ. कर सहित रु.८,५८,८००।- (अक्षरूपी आठ लाख अन्ठाउन्न हजार आठ सय) मात्र निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।**

(५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनका लागि समेत गरी हाल कायम चुक्ता पूँजीको ३.८० प्रतिशत नगद लाभांश जम्मा रु. १६,२१,७४,६४५।- (अक्षरेपि सोह्र करोड एक्काइस लाख चौहत्तर हजार छ सय पच्चीस) मात्र वितरण गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय : **विकास बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनका लागि समेत गरी हाल कायम चुक्ता पूँजीको ३.८० प्रतिशत नगद लाभांश जम्मा रु. १६,२१,७४,६४५।- (अक्षरेपि सोह्र करोड एक्काइस लाख चौहत्तर हजार छ सय पच्चीस) मात्र वितरण गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।**

**ख)** **विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम हाल कायम चुक्ता पूँजीको ३ प्रतिशतले हुन आउने जम्मा रु. १२,८०,३२,५९९।- (अक्षरेपि बाह्र करोड असी लाख बत्तीस हजार पाँच सय उनान्सय) मात्र रकम बराबरको बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । बोनस शेयर जारी पश्चात कायम हुन आउने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

निर्णय: **सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम चुक्ता पूँजीको ३ प्रतिशतले हुन आउने जम्मा रु. १२,८०,३२,५९९।- (अक्षरेपि बाह्र करोड असी लाख बत्तीस हजार पाँच सय उनान्सय) मात्र रकम बराबरको बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने, साथै बोनस शेयर जारीपश्चात् कायम हुन आउने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने गरी सोही हदसम्म संलग्न तपसिल बमोजिमको तीन महले बमोजिम जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

## प्रवन्धपत्र संशोधन

| दफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| ६(ख) | विकास बैंकको जारी पूँजी रु.४,२६,७७,५३,२८७.४६५० (अक्षरेपी रूपैयाँ चार अर्ब छब्बिस करोड सतहत्तर लाख त्रिपन्न हजार दुई सय सतासी दशमलव चार छ पाँच शुन्य) मात्र हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ४,२६,७७,५३२.८७ (चार करोड छब्बिस लाख सतहत्तर हजार पाँच सय बत्तिस दशमलव आठ सात) थान साधारण शेयरमा विभाजन गरिएको छ। | विकास बैंकको जारी पूँजी रु.४,३९,५७,८५,८८६.४६ (अक्षरेपी रूपैयाँ चार अर्ब उनन्चालिस करोड सन्तावन्न लाख पचासी हजार आठ सय छयासी दशमलव चार छ मात्र) मात्र हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ४,३९,५७,८५८.८६ ( चार करोड उनन्चालिस लाख सन्तावन्न हजार आठ सय अन्ठावन्न दशमलव आठ छ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | आ.व. २०७८/७९ को बोनस शेयर जारी गरे पश्चात बृद्धि हुने पूँजी अनुसार पूँजी संरचना कायम गर्न। |
| ६(ग) | विकास बैंकको चुक्ता पूँजी रु.४,२६,७७,५३,२८७.४६५० (अक्षरेपी रूपैयाँ चार अर्ब छब्बिस करोड सतहत्तर लाख त्रिपन्न हजार दुई सय सतासी दशमलव चार छ पाँच शून्य) मात्र हुनेछ। | विकास बैंकको चुक्ता पूँजी रु.४,३९,५७,८५,८८६.४६ (अक्षरेपी रूपैयाँ चार अर्ब उनन्चालिस करोड सन्तावन्न लाख पचासी हजार आठ सय छयासी दशमलव चार छ) मात्र हुनेछ। | आ.व. २०७८/७९ को बोनस शेयर जारी गरे पश्चात बृद्धि हुने पूँजी अनुसार पूँजी संरचना कायम गर्न। |

(२) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरूलाई गाभ्ने (Merger) वा प्राप्ति ( Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

<u>निर्णय</u> **यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरूलाई गाभ्ने (Merger) वा प्राप्ति ( Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित ऐन कानुन बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।**

(३) उपरोक्त विषयका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

<u>निर्णय :</u> **उपरोक्त विषयका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो।**

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

ग) **विविध ।**

यी देखि बाहेक विविध विषयमा कुनै छलफल भएन ।

९ **धन्यवाद ज्ञापन तथा सभा विसर्जन:-**

छलफलका विषय तथा प्रस्ताव पारित तथा अनुमोदन भएको घोषणा गर्दै अध्यक्षले सभामा उपस्थित शेयरधनी महानुभाव, सम्बन्धित निकायका प्रतिनिधि, पत्रकार, बैंकका कर्मचारी, पदाधिकारी एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नुहुने सवैलाई धन्यवाद दिँदै पन्ध्रौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

मिति: २०७९/११/१४

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

बलदेव थापा
कम्पनी सचिव

हरिचन्द्र खड्का
अध्यक्ष- सञ्चालक समिति